
प्रेमको
महानता

# परमेश्वरको **प्रेममय** प्रस्ताव

"परमेश्वरले संसारलाई यति **प्रेम** गर्नुभयो
कि उहाँले आफ्नो एकमात्र जन्मेका छोरालाई **दिनुभयो,**
कि **जो कोही**
उहाँमा **विश्वास** गर्छ
**नाश हुने छैन**
तर **अनन्त जीवन** पाउनेछ।"

पवित्र बाइबल यूहन्ना ३:१६

बाइबलको यो केन्द्रिय पदले
परमेश्वरको सम्पूर्ण राम्रो सन्देशलाई
हामीका लागि स्पष्ट रूपमा प्रकट गर्दछ।

# व्यक्तिगत रूपमा **तपाईंलाई**

अहिलेसम्म कहिल्यै नदेखिएको सबैभन्दा ठूलो **दयाको** उदाहरण
सबैभन्दा उच्च **मूल्य** चुकाइएको
कल्पना गर्न सकिने सबैभन्दा ठूलो **संख्यामा**
एकदमै साधारण **सर्त**
सबैभन्दा महान **मुक्ति** उपलब्ध
प्रस्तावमा रहेको सबैभन्दा राम्रो **उपहार**

बाइबलमा सुसमाचारको सन्देश वास्तवमा खुसीको सन्देश हो,
जो कोही व्यक्ति ईमानदारीपूर्वक
आफूमाथि चम्कने प्रकाशलाई सामना गर्न तयार छ।

## परमेश्वरले संसारलाई यस्तो **प्रेम गर्नुभयो...**

यसले हामीलाई देखाउँछ कि परमेश्वरले, उहाँका सृष्टिहरूको रूपमा, हामीलाई कति पर्खिरहनु भएको छ। हामीले परमेश्वरको अद्भुत प्रेममा मात्र आश्चर्य गर्न सक्छौं, यधपि हामीले उहाँलाई अपमानित, बेवास्ता, र अपमान गर्यौं।

**उहाँले हामीलाई उद्धार गर्न पहिलो कदम चाल्नु भएको छ, हामी हराइ सकेकाहरुका लागि।**

## ...कि उहाँले आफ्नो **एकमात्र पुत्र दिनुभयो...**

यो परमेश्वरको प्रेमले चुकाएको मूल्य हो: येशू ख्रीष्ट – उहाँको वर्णन गर्न नसकिने उपहार ।येशू ख्रीष्ट यस कुरा को प्रमाण हुनुहुन्छ कि यो पूर्णत: धर्मी परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ।उहाँले आफ्नो प्रिय पुत्रलाई पृथ्वीमा हाम्रो लागि क्रूसमा मर्न पठाउनुभयो ।

**त्यसैगरी हाम्रो प्रेमिलो परमेश्वरले हामी हराएकाहरुलाई सहयोग गर्नुभयो। कस्तो दया !**

## ...कि **जो कोहीले** उहाँमा **विश्वास गर्छ...**

यो सबैका लागि सत्य हो – कुनै अपवाद छैन।'जो कोही' भन्ने शब्दको सट्टा तपाई आफ्नो नाम लेख्न सक्नुहुन्छ।हामीलाई हराउनका लागि के गर्न आवश्यक छ? केहीपनि छैन!

**तर हामीलाई उद्धार पाउनुको लागि केही गर्न आवश्यक छ!**

परमेश्वरले हामीबाट राम्रो गर्न अपेक्षा गर्नु हुदैन। तर उहाँले हामीलाई आफ्ना पुत्र येशू ख्रीष्टमा **व्यक्तिगत रूपमा विश्वास** गर्न भन्नुहुन्छ,जसले हाम्रा पापहरूको लागि परमेश्वरको न्याय भोग्नुभयो।यदि तपाईंले उहाँले भन्नु भएको कुरा गर्नुहुन्छ भने,तपाई अनन्त दण्डबाट उद्धार पाउनुहुनेछ र **अनन्त जीवन** पाउनुहुनेछ।

# ...नाश नहोस्...

यहाँ परमेश्वरले आफ्नो प्रस्ताव अस्वीकार गर्नेहरूलाई डरलाग्दो भविष्यको बारेमा चेतावनी दिनुहुन्छ:उनीहरू सदैंभरी अँध्यारो र यातनामा हराउनेछन्,परमेश्वरको उपस्थितिबाट टाढा, **"जहाँ तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन ।"** *पवित्र बाइबल, मर्कुस ९:४४*

कृपया यो गलत नलीनूहोस्:
परमेश्वरको सन्देश धम्की होइन:

**उहाँ पापीहरू मरेको चाहँदैनुहुदैन, तर परीबर्तीत भई जिएको चाहनुहुन्छ।**

तर, मानिसहरू हराउन सक्ने बारेमा परमेश्वरको गम्भीर चेतावनीको बारेमा हामी चुप रहे हाम्रो गल्ती हुनेछ।

# ...तर अनन्त जीवन पाओस।

यो जीवनबाट केही पाउने" वा "आफ्नो जीवनको आनन्द लिने" भन्दा धेरै बढी हो, जुन अत्यन्त महत्वहीन हुनेछ। **यसको अर्थ हुन्छ कि येशु ख्रीष्टसंग मात्र खुशी र अनन्त जीवन छ।**

परमेश्वरको वचनले यसरी भन्छ:

**"किनकि पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदानचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो।"**

*पवित्र बाइबल, रोमी ६:२३*

**"जोसंग पुत्र छ त्यससंग जीवन छ"**

*पवित्र बाइबल, १यूहन्ना ५:१२*

अनन्त जीवन कहिले शुरू हुन्छ? यो त्यतिबेला शुरू हुन्छ जब तपाई उद्धारकर्ता येशु ख्रीष्टमा विश्वास गर्नुहुन्छ र परमेश्वर अगाडि आफ्नो पापहरू साँचो रूपमा स्वीकार गर्नुहुन्छ। **तपाईं यो यहाँ र अहिले गर्न सक्नुहुन्छ!**

**प्रेम यसैमा छ,**

हामीले **परमेश्वरलाई** प्रेम गर्‍यौं भनेर होइन,

तर **उहाँले हामीलाई प्रेम गर्नुभयो**

**र आफ्ना पुत्रलाई**

हाम्रा पापहरूका निम्ति प्रायश्चित हुनलाई पठाउनुभयो।

*पवित्र बाइबल, १यूहन्ना ४:१०*


जीबीभी डिलेनबर्ग जीएमबीएच
ईयरहाउजर स्ट्रासे ५४
३५७१३ एशेनबर्ग
जर्मनी
www.gbv-dillenburg.de
www.gbv-online.org



GBV 137 5430 Love at Its Greatest Nepali



© 2025 by GBV – *with kind permission of Beröa-Verlag, CH*
© २०२५ *जीबीभी द्वारा – बेरोआ-वरलाग, सीएच को अनुमति सहित*